# राप्ती गाउँपालिका
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति,२०७८

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दाङ
लुम्बिनी प्रदेश

# विषयसूची

१.पृष्ठभूमि.................................................................................................................

- लैससास क्षेत्रमा विगतमा गरिएका प्रयासहरु र कानूनी प्रावधानहरु
- .राप्ती गाउँपालिकाको संक्षिप्त परिचय
- लैससास रणनीति तयारीको उद्देश्य,विधि तथा प्रकृया
- लैससास परिभाषा तथा मुख्य शब्दावलीहरु

२.पालिकामा लैससाको अवस्था र सन्दर्भ विश्लेषण.........................................................

- लैससासमा राजनीतिक,आर्थिक तथा सामाजिक पक्षहरु

२.२ लक्षित समुहहरुको नक्सांकन-वन्चितिकरणमा परेका समुदायको अवस्था,तथ्य तथ्यांक.
२.३ सरोकारवालाहरुको विश्लेषण ...........................................................................
२.४.पालिकाको लैससासको दृष्टिकोणवाट सवल पक्ष र कमजोर पक्ष तथा अवसर र चुनौती..........
२.५. पालिका र वडागत रुपमा लैससासमा मुख्य सवालहरु.............................................
२.६ पालिकाको आगामी लैससास रणनीतिको लागि लक्षित कार्यक्षेत्र ..............................................
३.पालिकाको लैससास मूलप्रवाहीकरण रणनीतिको समयावधि.........................................................
३.१. लैससासमा पालिकाको .........................................................................................................

- परिदृश्य (Vision)
- लक्ष्य (Goal)
- उद्देश्यहरु (Objectives)
- रणनीतिको औचित्य वा आवश्यकता
- मुल्य मान्यताहरु (Values & Guiding Principles)

३.२. लैससास रणनीतिक उद्देश्यहरु र सो को लागि आवश्यक मुख्य क्रियाकलापहरु ..................
३.३.प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनका लागि कार्ययोजना ..........................
३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था ................

- पालिका स्तरको समिति
- वडा स्तरको समिति
- शाखा, महाशाखा तथा सम्पर्क व्यक्ति
- काम,कर्तव्य,अधिकार

३.५.लैससास रणनीतिको कार्यान्वयनका लागि स्रोत परिचालन .......................................................
३.६.लैससास रणनीतिको कार्यान्वयनको अनुगमन तथा मूल्यांकन ..................................................
३.७.संभावित जोखिम तथा न्यूनीकरणका उपायहरु ....................................................................
अनुसुचीहरु

- लैससास रणनीति निर्माण कार्यशाला तथा छलफलको उपस्थिति
- लैससास रणनीति निर्माण कार्यदल
- लैससास सम्बन्धी विभिन्न सेवा प्रदायकहरुको विवरण
- सन्दर्भ सामग्री

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(.......................................................................)
फोन नं. ०८२-४१३०७७
मसुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं. च.नं.

## शुभकामना मन्तव्य

नेपालको संविधान कार्यान्वयनसँगै मुलूक तीन तहको संरचनामा क्रियाशिल रहेको छ । संविधान मार्फत नै तीन वटै तहका काम, कर्तव्य र अधिकार स्पष्ट रुपमा किटान गरिएको छ । स्थानीय तहको कामलाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न नेपाल सरकारबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भई कार्यान्वयन रहेको अवस्था छ । क्षेत्रगत हिसावले हेर्दा सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार विकास र सुशासनसँग सम्बन्धित रहि क्रियाकलापहरु सञ्चालनमा रहेकाछन् ।

राप्ती गाउँपालिकाबाट सामाजिक विकास क्षेत्रभित्रका विभिन्न कम्पोनेन्टहरुमध्ये लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी मूल प्रवाहीकरणसँग सम्बन्धित रणनीति तयार गर्ने क्रममा रहेकाछौ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सन्चालन ऐन २०७४, नेपाल सरकारले उल्लेखित सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धतालाई आधारमानी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार नै मूलतः गाउँपालिकालाई लैङ्गिक समानता, सामाजिक समावेशीकरण मैत्री गाउँपालिका बनाउने अवसर पनि हो । यसका साथै संघीय तथा प्रदेश सरकारका लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा आधारित भई सहकार्य, समन्वय र सहयोग गर्ने अवस्थाको सिर्जनासमेत यस नीतिको विकास मार्फत हुनेछ ।

शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित,गाउँपालिकामा विद्यमान विभिन्न भेदभावजन्य प्रचलन र व्यवहार (लैङ्गिक, वर्गिय, क्षेत्रगत, समुदायगत, जातजातिगत) को अन्त गर्न र पालिकालाई एक नमुना योग्य स्थानीय निकायका रुपमा विकास गर्न, स्थानीय सरकारको नीति, निर्माण तथा निर्णय प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्न, स्थानीय सरकारवाट प्रवाह हुने सेवा-सुविधामा लक्षित वर्गको पहुँच वृद्धि गर्न, स्थानीय सरकारको अनुगमन तथा मूल्याङ्कनमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्न,स्थानीय सरकारमा सामाजिक समावेशीकरणका अभ्यासहरुलाई संस्थागत गर्न, राज्यको श्रोत साधन,अवसर र लाभको वितरणमा लक्षित वर्गको पहुँच वृद्धि गरी समानुपातिक वितरणको व्यवस्था सुनिश्चित गर्ने लगायतका अधिकतम कार्यहरु गर्न यस नीतिले सहयोग गर्नेछ ।

यस राप्ती गाउँपालिकाको लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी मूल प्रवाहीकरणसँग सम्बन्धित रणनीति तयारी प्रकृयामा सहयोग गर्नुहुने कार्यपालिका सदस्यज्यूहरु, गाउँपालिकाका सम्पूर्ण वडाका जननिर्वाचित प्रतिनिधिज्यूहरु, गाउँपालिकाका कर्मचारी, तथा समुदायस्तरमा गई लक्षित वर्गसँग सूचना सङ्कलनमा क्रममा सहयोग गर्ने सरोकारवाला सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु । अन्त्यमा, यस राप्ती गाउँपालिकाको लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी मूल प्रवाहीकरणसँग सम्बन्धित रणनीति निर्माण पक्रियामा सहयोग उपलब्ध गराउनुहुने सहयोगी संस्था प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्विनी प्रदेश, नेपालगञ्ज बाँके र सहजीकरण गर्ने संस्था जनउत्थान समाज विकास केन्द्र, दाङलाई राप्ती गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछु ।

नुमानन्द सुवेदी
अध्यक्ष
राप्ती गाउँपालिका, दाङ
२०७८, चैत्र १७

वेवसाइटः raptimundang.gov.np ईमेलः raptiruralmunicipality@gmail.com

# १.पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानले दिशा निर्देश गरेवमोजिम समतामूलक समाजको निर्माण गर्न यस अन्तर्गतका सबै क्षेत्रगत विषयहरुमा समेत सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक छ ।

संविधानको धारा १६ ले सबै नागरिकको सम्मान पूर्वक बाच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) ले सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरेको छ भने धारा ५२ मा राज्यले गर्नुपर्ने दायित्वको पनि व्यवस्था गरिएको छ । संविधानले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका विशेष कार्यक्रम संचालन गर्न सकिने व्याख्या पनि गरेको छ ।  नेपालले बिभिन्न महासन्धीहरुमा हस्ताक्षर गरेको छ भने राष्ट्रिय तथा अर्न्तर्राष्ट्रिय स्तरमा पनि बिभिन्न प्रतिवद्धताहरु ब्यक्त गरेको छ । महिला विरुद्धका विभिन्न विभेदपुर्ण प्रावधानहरु संशोधन गरी लैङ्गिक समानता कायम गर्न केहि ऐनहरु पनि संशोधन गरेको छ । राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुश्लिम आयोग गठन गरी लक्षित वर्गको सहभागितालाई सुनिश्चित र प्रभावकारी वनाउन कोशिस गरेको छ भने नीति, कार्यक्रम तथा कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई प्राथमिकतामा राखेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले स्थानीय तहले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगतरुपमा मध्यकालिन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको छ भने सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर सम्बन्धित सवालहरुलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिएको छ ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion,GESI) विना अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्ने तथ्यलाई हृदयङ्गम गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राष्ट्रिय सामाजिक समावेशी नीति, २०७७, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ लाई कार्यान्वयनका लागि आवश्यक नीतिगत व्यवस्था गरेको छ भने प्रदेश तथा स्थानीय तहमा पनि लैससास नीति र आवश्यक रणनीति वनाउन सके मात्र समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र राज्यका संरचनाहरुमा सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न मद्दत पुग्न सक्दछ । राप्ती   गाउँपालिकाले पनि यहि आवश्यकता र यथार्थतालाई मध्यनजर गरि लैससास रणनीति तयार गरेको हो । गाउंपालिकामा लैससास क्षेत्रमा भएका अभ्यासहरुलाई संस्थागत गर्न र विभिन्न भेदभावजन्य प्रचलन र ब्यवहार (लैङ्गिक, वर्गिय, क्षेत्रगत, समुदायगत, जातजातिगत) कम गरि वन्चितिकरणमा परेका वर्ग र समुदायका सवालहरुलाई समग्र विकास प्रक्रियामा मुलप्रवाहीकरण गर्न **"राप्ती गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७८ "**तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ । यस राप्ती गाउँपालिकाले विगत देखि नै समुदायका पछाडी पारिएका वा परेका समुदायहरु जस्तै दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक र सीमान्तकृत महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरु लगायतलाई विकासको समग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूल प्रवाहीकरण गर्ने प्रयास निरन्तर गरिरहेको छ । श्रोत साधन र सार्वजनकि

सेवामा पहुँच वढाउन निर्णय प्रक्रिया तथा कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चीत गर्न र लक्षितवर्गको उत्थान, विकास र सशक्तीकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु संस्थागत रुपमा संचालन भएका छन । विगत वर्षदेखीनै संचालित यी कार्यक्रमहरुवाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेखनीय योगदान पुगेको छ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैङ्गिक समानता तथा सामाजीक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने गरेको छ भने लैससास नीति तयार गरि कार्यान्वयन गरिराखेको छ । समाजमा विद्यमान लैङ्गिक र जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन र गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिन यस गाउँपालिकामा सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोगमा विभिन्न परियोजनाहरु परिचालन गरी उल्लेखनीय कार्यहरु भएका छन ।

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण बहु-क्षेत्रगत सवाल हो । त्यसकारणले विगतमा बिभिन्न मन्त्रालय तथा कार्यालयहरूले लैससास नीति तथा मार्गदर्शन तयार गरेतापनि केन्द्र देखि स्थानीय सरकारहरूले लैससास नीति बनाई नसकेको नीति वनाएका ठाउहरुमा पनि नीतिको प्रभावकारी कार्यन्वयन हुन सकिरहेको छैन। राप्ती गाउँपालिकामा आर्थिक रूपले विपन्न लगायत नागरिकको संरक्षण, सशक्तिकरण, सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरु संचालनमा रहेका छन् । लैङ्गिक हिंसा प्रभावितका लागि आपतकालिन सहयोग, अनाथ तथा टुहुरा बालबालिकाका लागि सहयोगमा, सडक बालबालिकाको लागि आपतकालिन पुन:स्थापना केन्द्र संचालनमा रहेको, जेष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्रहरु संचालनमा रहेका छन । एकल महिला, महिला संस्था, बाल संजाल, किशोरी समूह, बालक्लव ज्येष्ठ नागरिक समिति, नगर तथा वडा स्तरमा लैङ्गिक हिंसा निवारण समिति, अपांगता समन्वय समिती, वाल संरक्षण समिति, बाल मैत्री समिति संरक्षण समिति गठन तथा परिचालनमा रहेको छ भने गाउँपालिकालाई लैङ्गिक हिंसा नियन्त्रित र वालमैत्री नगर घोषणा गर्ने लक्ष्य पनि राखिएको छ ।

मधेशी आयोग, थारु आयोग, मुश्लिम आयोग गठन गरि लक्षित वर्गको सहभागितालाई सुनिश्चित् र प्रभावकारी वनाउन कोशिस गरेको छ ।

बिभिन्न कानूनी तथा नीतिगत प्रावधानहरूलाई कार्यान्वयन गर्न नेपाल सरकारले विगत देखि नै विभिन्न प्रयासहरु गर्दै आइरहेको छ । स्थानीय विकास मन्त्रालयको **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६"** र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका **"लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५"** ( **मस्यौदा**), स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "**स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६",** महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको "**राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४" (मस्यौदा**), शहरी विकास मन्त्रालयको **"लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०"** आदि जस्ता लैससास नीति तथा मार्गदर्शन तयार गरिएको थियो।

## राप्ती गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको लुम्विनी प्रदेश अन्तर्गत पर्ने दाङ जिल्लाको पूर्वि भागमा अवस्थित राप्ती गाउँपालिका भित्री मधेश तथा चुरे क्षेत्रमा अवस्थित छ । वि.स २०७३ सालमा संघीय शासन व्यवस्था कार्यान्वयन भएसँगै यो गाउँपालिका साविकका लालमटिया र सिसहनीया गाविसलाई मिलाएर वनेको हो । कुल १६१.०७ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको पूर्वमा राप्ती नदी पारी अर्घाखाँची जिल्ला, पश्चिममा लमही नगरपालिका, उत्तरमा धानखोला र बंगलाचुली गाउँपालिका र दक्षिणमा राप्ती नदी रहेको छ । २०७८ सालको जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ५२,१५८ रहेका छ जसमा महिलाको संख्या २७,४३८ रहेको छ भने पुरुषको संख्या २४,७२० रहेको छ । विविधतापूर्ण जातिय पहिचान रहेको यस राप्ती गाउँपालिकामा व्राम्हण, क्षेत्री, ठकुरी, मगर, थारु, दलित, र मुश्लिमहरुको वसोवास रहेको छ ।

## उद्देश्य (Objectives):

यस रणनीतिको मुख्य उद्देश्य **लैससास** अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि पालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका अलावा यसका केहि बिस्तारित उद्देश्यहरु निम्नानुसार रहेका छन :

१. पालिकामा लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षणलाई संस्थागत गर्ने तथा शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता तथा सहज पहुँच वृद्धि गरि लैगिक मूलप्रबाहीकरण र सशक्तिकरण गर्ने ।

२. **लैससास** सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न तथा पालिकामा विद्यमान विभिन्न भेदभावजन्य प्रचलन, सस्कार र व्यवहार (लैङ्गिक, वर्गीय, क्षेत्रगत, समुदायगत, जातजातिगत) कम गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग,समिति, दातृ निकाय, गैरसरकारी निकाय,स्थानीय संघ संस्था, सामुदायिक संस्थाहरु आदिसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

३. स्थानीय सरकारका सवै कार्यक्रम, योजना र आयोजनाहरुमा **लैससास** दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने । पालिका अन्तर्गत रहेका कार्यपालिका, विषयगत शाखा/महाशाखा, वडा कार्यालय, विकास साझेदार र सामुदायिक संघ-संस्थाहरुलाई संस्थागत एवम् कार्यक्रमगत रुपमा लैंङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा अझ बढि संवेदनशील हुन अभिप्रेरित गर्ने ।

४ नेपाल सरकारले लैससास क्षेत्रमा राष्ट्रिय तथा अर्न्तर्राष्ट्रिय स्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धता कार्यान्वयनमा सघाउन तथा दिगो विकासको लक्ष प्राप्त गर्न मद्धत गर्ने

५ स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवालासंस्थाहरु सहित महिला र सीमान्तकृतसमुहहरुलाई समावेश गरि उनीहरुकोयोजनाबद्ध रुपमाव्यक्तिगत र सामूहिकक्षमताअभिबृद्धि गरी स्थानीयतहको विकास प्रक्रियामा निर्णायकतथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

## लैससास परिभाषा तथा मुख्य शब्दावलीहरु

**नाम र प्रारम्भ :** यस रणनीतिको नाम "राप्ती गाउँपालिका लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७८ रहनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

**परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा**:**

क) **"रणनीति"** भन्नाले राप्ती गाउँपालिका**को लैगिक समानता तथा समाजिक समावेशीकण मूलप्रवाहीकरण रणनीति, २०७८** सम्झनु पर्दछ ।
ख) **"गाउँपालिका"** भन्नाले राप्ती गाउँपालिका सम्झनु पर्छ ।
ग) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।
घ) **"योजना"** भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।
ङ) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपगोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।
च) **"सामाजिक समावेशी सम्पर्क ब्यक्ति"** भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारी वा जिममेवारप्राप्त व्यक्तिलाई सम्झनु पर्छ ।
छ **"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गदै समग्र विकास प्रक्रियालाई निजहरु प्रति

उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

ज) **"विकास साझेदार"** भन्नाले नेपाल सरकारसंग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्रविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रय गैरसरकारी संस्था सम्झनु पर्छ ।

झ) **"टोल विकास संस्था"** भन्नाले ऐनको दफा १२ (२) क बमोजिम सामाजिक परिचालक को अवधारणा बमोजिम गठन हुने समूह सम्झने पर्छ ।

ञ) **"उपभोत्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

ट) **"सामुदायिक संस्था"** भन्नाले जनचेतनासम्वन्धी तालिम, अभिमुखिकरण, सिप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरु आधारित संस्था सम्झनु पर्छ ।

ठ) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

**ड) "स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया हो ।

ढ) **"बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक,लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवम् दुर्गक क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

ण) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय,भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

त) **"सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

थ) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ ।

द) **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

ध) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

न) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

प) **"लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

फ) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिंगी, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ

नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।

ब) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।

भ) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

म) "**लैङ्गिक उत्तरदायी बजेट**" भन्नाले"लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउंदछ ।

य) "**सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति,मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउंदछ ।

र) **"लैङ्गिक प्रभाव विष्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ल) **"सशक्तिकरण"** भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, परेका अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

व) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई.भि.संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

## २.पालिकामा लैससासको अवस्था र सन्दर्भ विश्लेषण

लैससास क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालवालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति, विपन्न वर्ग र जोखिममा परेका व्यक्तिहरु लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरुको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरू हुन सकेका छैनन । सबै लक्षित वर्ग/समुदायहरुलाई संगठित गरी उनीहरुको आवाज वा गुनासो सुन्न सकिएको अवस्था छैन । लक्षित वर्गमा आफ्ना अधिकार र विद्यमान कानूनी प्रावधानका सम्बन्धमा यथेष्ठ जानकारीको कमी रहेको छ । निर्णायक तहमा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित् हुन सकिरहेको  छैन । प्राथमिकतामा रहेका लक्षित वर्गका कार्यक्रमहरु पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकिरहेका छैनन । समाजमा विभिन्न गलत चलन र अभ्यासहरु विद्यमान रहेका छन जसले समाज विकासमा कुनै न कुनै रुपमा वाधा उत्पन्न गरिरहेका छन । जातीय तथा वर्गीय विभेदहरु कायम रहेका छन । बालश्रम तथा बालविवाहको अभ्यास कायम रहेको छ । शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्न  र राज्यको श्रोत साधन, अवसर र लाभको वितरण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउन जरुरी छ । लैससास क्षेत्रमा हाल भइरहेका अभ्यासहरुलाई संस्थागत गर्न र घोराहीलाई लैससास मैत्री एक नमूना शहर वनाउन लैससास नीतिको आवश्यकता रहेको छ । लैससास सम्बन्धी राष्ट्रिय तथा अर्न्तर्राष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरु, नेपालले बिभिन्न महासन्धिहरुमा गरेका हस्ताक्षर एवम् प्रतिवद्धताहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस गाउँपालिकाले लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखेको छ । वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ भने अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुका लागि परिचय-पत्र वितरण गरिएको छ । हिंसा पिडित/प्रभावितका लागि कार्यक्रम संचालन गरिएका छन भने महिला तथा सामाजिक-आर्थिक रुपमा वहिष्करणमा रहेका व्यक्ति वा समुदायको सशक्तिकरण लागि पनि विभिन्न सिपमुलक तथा आय-आर्जनका कार्यक्रमहरु संचालन गरिएका छन् । यसका अलावा राज्यको शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्न  र राज्यको श्रोत साधन, अवसर र लाभको वितरणमा समतामूलक र न्यायोचित सिद्धान्तलाई अंगिकार गरिएको छ

## २.२ लक्षित समुहहरुको नक्सांकन-वन्चितिकरणमा परेका समुदायको अवस्था,तथ्य तथ्यांक.

राप्ती गाउँपालिकामा ब्राहमण, क्षेत्री, ठकुरी, मगर, थारु, दलित र मुश्लिम लगायत विभिन्न जातजाति भाषा, धर्म र संस्कृती भएका मानिसहरूको बसोवास रहेको छ । बन्चितिमा परेका वर्ग र समुदायको न्यून आर्थिक अवस्था तथा सामाजिक सशक्तिकरणमा समस्या रहेका छ भने विभिन्न लिङ्ग, वर्ग र जातजाती विच विद्यमान व्यवहारगत विभेद वा प्रचलनहरुले समग्र विकास प्रक्रियामा कुनै न कुनै रुपमा बाधा उत्पन्न गरिरहेका छन । पालिकाले लैससासको क्षेत्रमा विगत देखिनै प्रयास गरेका छ यद्यपि महिला हिंसा, वालविवाह, घरायसी हिंसा, नेतृत्वमा महिलाको सक्रिय र अर्थपूर्ण सहभागितामा भने कमि रहेका छ । लैङ्गिक उत्तरदायी र सामाजिक समावेशीकरणका अभ्यासहरु संस्थागत हुन सकिरहेका छैनन भने महिला हिंसाका घटना तथा दुर्व्यवहारहरु यथावत भइरहेका छन । लैससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव पनि रहेको छ । यस पालीकामा भएका निम्न लक्षीत वर्गहरु पहिचान भएका छन् ।

| क्रस. | लक्षित वर्गको प्राथमिकिकरण | समस्या/सवाल |
|---|---|---|
| १. | दलित ( सुनार, परिवार, नेपाली,bddamaijnsdk nknjmkfg | • जातिय छुवाछुत<br>• आर्थिक अभाव गरिवि<br>• बेरोजगारी<br>• शिक्षको पहुँचमा कमि<br>• स्रोत र साधनमा न्युन पहुँच<br>• निर्णायक तहमा न्युन सहभागिता<br>• लैङ्गिक विभेद तथा सामाजिक विभेद<br>• लैङ्गिक तथा घरेलु हिंसा |
| २ . | दलित महिला | • शिक्षामा न्युन पहुँच<br>• जनचेतनाको अभाव<br>• आयआर्जनकार्यमा न्युन सहभागिता<br>• समुदाय स्तरको निर्णयक तहमा तथा नेतृत्व तहमा न्युन सहभागिता<br>• सुचनाको अभाव<br>• लैङ्गिक हिंसा, बिभेद<br>• सामाजिक कुप्रथाहरु-<br>• सरसफाइ तथा फोहोरमौला व्यवस्थापन अभाव<br>• जनचेतनाको अभाव |
| ४ . | अपाङ्गता भएका व्यक्ति | • अपाङ्गतामैत्री भौतीक संरचना नहुनु<br>• क्षमता अनुसारको आर्यआर्जन सम्बन्धी सिप विकासको अभाव<br>• सामाजिक बिभेद<br>• सहायक सामाग्रीकको सहजै उपलब्धता नहुनु<br>• स्वास्थ्य सेवा सुबिधाशिक्षा तथा अन्य सेवामा पहुँचमा कमी , |
| ६. | जेष्ठ नागरीक | • पारिवारिक असहयोग<br>• मायाममतामा कमि<br>• निरन्तर स्वस्थ्य परिक्षणमा समस्या<br>• सम्मानित जिवनयपनको व्यवस्था नहुनु |
| ७. | एकल महिला | • सामाजिक बिभेद<br>• आर्थिक स्रोतको अभाव<br>• लैङ्गिक तथा घरेलु हिंसा<br>• आफैमा हिनता बोध<br>• निर्णायक तहमा न्युन सहभागिता |
| ८ . | बालबालिका/किशोर किशोरी | • गरिव तथा बिपन्व परिवारको बालबालिकामा सन्तुलित आहारको अभाव तथा कुपोषण |

| | | |
|---|---|---|
| | | • बिद्यालय जनाने तथा बिद्यालय छोड्ने<br>• बाल हिंसा ,बाल श्रम ,<br>• साथिको संगत तथा अरुको देखासिकिले कुलतमा फस्नु<br>• सामाजिक संजालको दुरुपयोग तथा हिंसा |
| ९ . | गरिव तथा बिपन्न बर्ग | • आर्थिक स्रोतको अभाव<br>• बरोजगारी<br>• अशिक्षाजनचेतनाको अभाव ,<br>• लैङ्गिक तथा घरेलु हिंसा<br>• बालबालिकामा कुपोषण |

## २.३ सरोकारवालाहरुको विश्लेषण ……………………………………………………………………

राप्ती गाउँपालिकामा विभिन्न संघ-संस्था तथा साभेदार निकायहरु रहेका छन जसले लैससासको क्षेत्रमा योगदान गरिरहेका छन । पालिकाको महिला, वालवालिका तथा सामाजिक विकास शाखाको अगुवाइमा ती सरोकारवालाहरुले एकतृत तथा समन्वय तवरमा काम गरिरहेका छन ।

| क्रस. | लैससासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला | लैससास मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य |
|---|---|---|
| १ | गाउँपालिका | • लैससास सम्बन्धी नीति कार्ययोजना निर्माण गर्ने ,कार्यविधि ,रणनीति ,<br>• लैससासको लागि आवश्यक बजेट बिनियोन गर्ने<br>• योजना कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने , |
| २ | न्यायिक समिति | • गाउँपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्दाहरुमा सम्बन्धी निकायमा सिफारीस गर्ने<br>• सबै वडातहमा मेलमिलाप केन्द्र संचालन गर्ने |
| ३ | महिला तथा बालबालिका विकास शाखा | • लैससास सम्बन्धी बनेका रणनीतिको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित बर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने<br>• लैससासको शिर्षकमा विनियोन भएको बजेटको समयमानै खर्च गर्ने<br>• लैससासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रवद्दानहरु र प्रतिवद्द्ताहरुबारे अन्य कर्मचारी तथा पदाधिकारीहरुलाई सचेतिकरण गरि कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने |
| ४ | वडा समिति | • वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यस्थापन गर्ने<br>• योजना छनोट प्रकृयामा महिला तथा लक्षित वर्गसंग छुट्टा छुट्टै छलफल गरी उनिहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने<br>• टोल स्तरमा लैससास सम्वन्धी सचेतना कार्यक्रम गर्ने |
| ५ | मेलमिलाप कर्ता | • वडा स्तरमा हुने विवादको समाधान तथा समाधान हुन नसक्ने मुद्दालाई न्यायिक समिति तथा अन्य निकायमा सिफारीस गर्ने। |
| 6 | समुदायमा आधारित संघसंस्थाहरु , नागरिक समाजआमा ,युवा क्लब ,बाल क्लव ) ,समुहसार्वजनिक संस्थाहरु तथा गैर सरकारी संघ संस्थाहरु , | • महिला तथा बञ्चितिकरणमा परेका समुहका लागि सामाजिक परिचालनका क्रियाकलापहरुको तर्जुमाकार्यान्वयन एंव अनुगमनमा सहयोग गर्ने ,<br>• समावेशी सवालमा अवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने<br>• सामाजिक बिभेद तथा कुरुती विरुद्द आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने |
| 7 | जिल्ला प्रशासन कार्यलय | • शान्ती व्यवस्था र सुरक्षा कायम राख्ने<br>• नागरिकता वितरण<br>• सार्वजनिक अपराधको नियन्त्रण |

## २.४.पालिकाको लैससासको दृष्टिकोणवाट सवल पक्ष र कमजोर पक्ष तथा अवसर र चुनौती……….

| कमजोर पक्ष | सवल पक्ष |
|---|---|
| • बन्चितिमा परेका वर्ग र समुदायको न्यून आर्थिक अवस्था तथा सामाजिक सशक्तिकरणमा समस्या ।<br>• विभिन्न लिङ्ग, वर्ग र जातजाती विच व्यवहारगत विभेद वा प्रचलनहरु<br>• महिला हिंसा, वालविवाह,घरायसी हिंसा, नेतृत्वमा महिलाको सक्रिय र अर्थपूर्ण | • लैससासलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले राष्ट्रिय तथा अर्न्तर्राष्ट्रिय स्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धता, स्थानीय सरकारको निति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने अधिकार नै मूलतः राप्ती गाउँपालिकालाई लैङ्गिक समानता |

| | |
|---|---|
| • सहभागिता कम रहनु ।<br>• शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग, क्षेत्र, जातजाती र समुदायको अर्थपूण सहभागितामा सुनिश्चित् हुन नसक्नु ।<br>• संरचनाहरु अपांगमैत्री नहुनु र कार्यालयमा पर्याप्त दोभासेहरु नहुनु ।<br>• लैङ्गिक उत्तरदायी र सामाजिक समावेशीकरणका अभ्यासहरु संस्थागत हुन नसक्नु ।<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बुझाईमा एकरुपता नहुनु ।<br>• उप-महानगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण हुन नसक्नु ।<br>• नियमितरुपमा लैङ्गिक उत्तरदायी बजेट परिक्षण तथा लैससास लेखाजोखा पनि नहुनु ।<br>• लैससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु ।<br>• अनुगमन तथा मुल्यांकन र प्रतिवेदन प्रणालीमा लाभदायी नसमेटिनु तथा लैससास अवधारणालाई अवलम्बन गर्न नसक्नु | र सामाजिक समावेशीकरणमैत्री नगर बनाउने अवसर हो<br>• संघीय तथा प्रदेश सरकारका लैससास नीतिको प्रावधान र लैङ्गिक उत्तरदायी वजेट तथा कार्यकमहरु<br>• पालिकाको लैससास नीति तयार भई कार्यान्वियनमा रहेको<br>• लैससास कार्यान्वयनका लागि वार्षिक कार्ययोजना तयार भइ कार्यान्वयनमा रहेको<br>• बार्षिक नीति तथा कार्यक्रममा लैससासको सवाललाई प्राथमिकता दिइ बजेट विनियोजन गर्ने गरिएको<br>• पालिकाको गतिशिल राजनितिक नेतृत्व<br>• पालिकाको गतिशिल महिला,वालवालिका तथा सामाजिक विकास शाखा<br>• विभिन्न संघ-संस्थाहरुसँगको समन्वयमा कार्यक्रमहरु संचालन गर्ने गरिएको ।<br>• पालिका लैससास रणनीति तयार गरि कार्यन्वयन गर्न तयार |

| **चुनौती** | |
|---|---|
| • लैससासको लागि आवश्यक खण्डीकृत तथ्याङ्क संकलन र अभिलेखीकरण नहुनु ।<br>• शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग, क्षेत्र, जातजाती र समुदायको अर्थपूण सहभागितामा सुनिश्चित् हुन नसक्नु ।<br>• गाउँपालिका अन्तर्गतका समिति वा संरचनाहरुलाई समावेशी तथा कार्यशैलीलाई लैससास मैत्री वनाउन नसक्नु ।<br>• बिभिन्न लिङ्ग, वर्ग र जातजाती विच व्यवहारगत विभेद वा प्रचलनहरु कायम रहनु ।<br>• लक्षित वर्गको जीविकोपार्जनमा समस्या हुनु ।<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बुझाई तथा व्यवहारमा विभेदता हुनु ।<br>• लक्षित वर्गका अधिकार र विद्यमान कानुनी व्यवस्थाका वारेमा यथेष्ठ जानकारी गराउन नसक्नु । | • लैससासको वास्तविक अवस्था पहिचान हुनु<br>• लैससास रणनीति कार्यान्वयनका लागि आधार तयार हुनु ।<br>• पलिकामा लैससासका सवल र सुधार गर्नुपर्ने पक्षका वारेमा जानकारी हुनु ।<br>• लक्षित समूह तथा मुख्य सुचनादाताहरुसँग छलफल भई रणनीति तयार भएकोले अपनत्व ग्रहणमा सहज ।<br><br>अवसर<br>• लैससासलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले राष्ट्रिय तथा अर्न्तर्राष्ट्रिय स्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धता, स्थानीय सरकारको निति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने अधिकार नै मूलतः राप्ती गाउँपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री नगर बनाउने । |

| | |
|---|---|
| • योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गका सवालमा पर्याप्त छलफल नहुनु र संवाल संवोधन हुने किसिमका कार्यक्रम तर्जुमा नहुनु | ● लैससास कार्यान्वयनका लागि वार्षिक कार्ययोजना तयार भइ कार्यान्वयनमा रहेका |

## ३.पालिकाको लैससास मूलप्रवाहीकरण रणनीतिको समयावधि

राप्ती गाउँपालिकाको लैससास रणनीति आ.व २०७८/०७९ देखि २०८०/०८१ का लागि हुनेछ र हरेक वर्ष यसको समीक्षा गरिनेछ ।

## ३.१. लैससासमा पालिकाको दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्यहरु

### दीर्घकालीन सोंच (Vision) :

विभेदरहित समृद्ध र न्यायपूर्ण राप्ती गाउँपालिका निर्माण गर्ने ।

### लक्ष्य (Goal) :

समतामूलक समाजको निर्माण गर्न सबै क्षेत्रगत विषयहरुमा सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्ने

### रणनीतिको औचित्य वा आवश्यकता

क) गाउँपालिकाका नीति तथा कार्यक्रम लैससास सम्बेदनशील वनाउन ।
ख) लक्षित वर्गको सशक्तिकरण भइ अधिकारको दावी गर्न सक्ने अवस्थामा पुग्न मद्दत गर्न
ग) सरोकारवाला निकायको लैससास प्रतिको बुझाइमा एकरुपता ल्याइ क्षमता अभिवृद्धि हुन र लैससास सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुर्‍याउन ।
घ) श्रोत साधन र सेवा प्रवाहमा लक्षित वर्ग/समुदायको पहुँच वृद्धि गर्न ।
ङ) गाउँपालिकाको निर्णय प्रक्रियामा लक्षित वर्गको पहुँच बृद्धि गर्न ।
च) योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न ।
छ) आधारभूत र खण्डिकृत तथ्याङ्क तयार भइ सोही अनुसार लैससासका क्रियाकलापहरु कायान्वयन गर्न ।
ज) नेपाल सरकारको दिगो विकासको लक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता र संघ तथा प्रदेश सरकारका प्रतिवद्धता कार्यान्वयमा योगदान पुर्‍याउन ।
झ) योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन प्रक्रिया लैससासमैत्री वनाउन ।

### मुल्य मान्यताहरु (Values & Guiding Principles)

राप्ती गाउँपालिका**को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिले** महिलाको अधिकार, समानता, समावेशीकरण, समावेशी शासन पद्धती, समान तथा न्यायोचित लाभको उपयोग, मानव अधिकार, हरेक महिलाको सम्मानपूर्वक वाच्न पाउने हकलाई रणनीतिले महत्व दिएको छ ।

क. गाँउपालिकाको अगुवाईमा उपलब्ध श्रोत तथा साधनहरुको लैससास अभियानमा बढी भन्दा बढी प्रयोग।

ख. गाँउपालिकामा सबै खालका दुब्र्यवहारविभेदशोषणहिंसामा शुन्य सहनशिलता अपनाउने।

ग. लक्षित समुहको सर्वोत्तम हित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

घ. लैसासासका लागि प्रभावकारी समन्वय र सहकार्यलाई प्रवद्र्धन गर्ने।

## ३.२. रणनीति (Strategy)

१. गाउँपालिकाको नीति निर्माण तथा निर्णय प्रक्रिया तथा समग्र विकास प्रक्रियामा लक्षित वर्गको सशक्तिकरण र अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिनेछ ।

२. स्थानीय सरकारका सवै कार्यक्रम, योजना र आयोजनाहरुमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।पालिका अन्तर्गत रहेका कार्यपालिका, विषयगत शाखा/महाशाखा, वडा कार्यालय, विकास साझेदार र सामुदायिक संघ-संस्थाहरुलाई संस्थागत एवम् कार्यक्रमगत रुपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा अझ बढि संवेदनशील हुन अभिप्रेरित  गर्न क्षमता विकागरिने छ ।

३. नेपाल सरकारले लैससास क्षेत्रमा राष्ट्रियतथा अर्न्तर्राष्ट्रिय स्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धता कार्यान्वयनमा सघाउन तथा दिगो विकासको लक्ष प्राप्त गर्न मद्धत गर्ने

४. स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवालासंस्थाहरु सहित महिला र सीमान्तकृतसमुहहरुलाई समावेश गरि उनीहरुकोयोजनाबद्ध रुपमाव्यक्तिगत र सामूहिकक्षमताअभिबृद्धि गरी स्थानीयतहको विकास प्रक्रियामा निर्णायकतथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गरिनेछ ।

### ३.२.१ सहभागिताः

क) राप्ती गाउँपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहीकरण गर्दै लगिने ।

ख) गाउँपालिका, सेवा प्रदायक सरोकारवाला संस्थाहरू, महिला र सीमान्तकृत समुहहरूलाई समावेश गरि उनीहरूको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्ने ।

### ३.२.२ मूलप्रवाहीकरणः

क) गाउँपालिका तहमा महिला, गरीब तथा गरीब र बहिष्करणमा परका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावरण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्य मार्फत पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरूलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरूको समग्र नगरपालिकाको विकास प्रक्रियामा मूलप्रबाहीकरण गरिनेछ ।

ख) लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत नगरपालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिनेछ ।

### ३.२.३ आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण तथा सशक्तिकरण :

विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरीब, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको नगरपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्णसहभागिता गराइ उनीहरूलाई सवल बनाई आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तिकरण गर्नुको साथै आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपत् व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकासगरि नगरबासीको लागि स्वःरोजगारीको ब्यबस्था गर्दै लगिनेछ ।

### ३.२.४ समन्वय, सहकार्य र सहजीकरण :

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसँग समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

ख) लैससास सम्बन्धी तथा कोभिड-१९ को संक्रमण सुरु भए पश्चात् बढेको लैङ्गिक हिंसा तथा घरलु हिंसालाई पनि ध्यानमा राख्दै, विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदिसँग साझेदारी तथा समन्वय गरिनेछ ।

## ३.२.५ संस्थागत संरचना, सचेतिकरण तथा क्षमता बिकास :

क) लैससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसँग प्रभाबकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि गाउँपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संस्थाहरूलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउदै लगिनेछ ।

खं) स्थानीय नागरिक विशेष गरी पछाडि परका वा पारि` एका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको चुस्त/दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरण तथा क्षमता अभिबृद्धि गरी गाउँपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गरिनेछ ।

ग) हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात् बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरलु हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरू लगायत सम्बन्धित सबै सरोकारवालाहरूलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरू संचालन गरि क्षमता विकास गरिनेछ ।

## ३.३ कार्यनीति

**राप्ती गाँउपालिका**
**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्ययोजना**
**(आ.व** २०७८/०७९ देखि २०८०/०८१)

| क्र.स | रणनीतिक उद्देश्यहरु | प्रमुखकार्यक्रम | समयावधि | लक्षित समूह | मुख्यजिम्मेवार |
|---|---|---|---|---|---|
| १ | **रणनीतिक उद्देश्य १**<br><br>पालिकामा लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षणलाई संस्थागत गर्ने तथा शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिककोअर्थपूर्ण सहभागिता तथा सहज पहुँच वृद्धि गरि लैगिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्ने । | • पालिकाको लैससासको खण्डिकृत तथ्याङ्कतयार गर्ने र यसलाई नियमितअद्यावधिकगर्ने ।<br>• पालीकाको वजेट प्रणालीलाई लैङ्गिक उत्तदायी बजेट विधि अपनाइनेछ ।<br>• लक्षित वर्गको समानुपातिक सहभागिताका लागि आवश्यक कार्यविधि तथा मापदण्ड तयार गर्ने ।<br>• .स्थानीय तहको योजना तर्जुमा प्रक्रिया,स्रोत परिचालन र व्यवस्थापनमा लक्षित वर्गको समावेशीकरणलाई आन्तरिकरण गर्ने सो का लागि आवश्यक बजेट विनियोजन गरिनेछ । | आ.व २०७८/०७९ भित्र | महिला,बालबालिका,जेष्ठ नागरिक,दलित,जनजाति,अपाङ्ग,सिमान्तकृत वर्ग/समुदाय | महिला,वालवालिकातथा सामाजिकविकास शाखा<br><br>लैससास सम्पर्क व्यक्ति<br><br>सामाजिकविकास समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • वार्षिक रुपमा लैससास लेखाजोखा गरी पालिकालाई लैससास उत्तरदायी बनाइनेछ ।<br>• शासकिय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रकानागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्ने | | | |
| २ | **रणनीतिक उद्देश्य २**<br><br>**लैससास** सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न तथा पालिकामा विद्यमान विभिन्न भेदभावजन्य प्रचलन, सस्कार र व्यवहार (लैङ्गिक, वर्गीय, क्षेत्रगत, समुदायगत, जातजातिगत) कम गर्ने | • हाल भएका नीति,कानून, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजनाहरु पुनरावलोकन गर्ने लैससास संवेदनशिल वनाउने,<br>• विद्यमान भेदभावजन्य ब्यवहार र हानीकारक प्रचलनहरुको अन्त्यका लागि शून्य सहनशीलताको रणनीति तयार गर्ने ।<br>• भेदभावजन्य ब्यवहार र हानिकारक प्रचलनहरुको अन्त्यका लागिसरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।<br>• भेदभावमा रहेका व्यक्तिहरुको न्यायोचित एवम् उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने<br>• विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, ब्यवहार र कुरितिहरुको अन्त्यका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ,। | रणनीति स्वीकृत भएको ४महिनाभित्र | महिला,बालबालिका,जेष्ठ नागरिक,दलित,जनजाति,अपाङ्ग,सिमान्तकृत वर्ग/समुदाय | महिला,वालवालिकातथा सामाजिकविकास शाखा<br><br>लैससास सम्पर्क व्यक्ति<br><br>सामाजिकविकास समिति |
| ३ | **रणनीतिक उद्देश्य ३**<br><br>स्थानीय सरकारका सवै कार्यक्रम, योजना र आयोजनाहरुमा**लैससास** दृष्टिकोणबाटअनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।पालिका अन्तर्गत रहेका कार्यपालिका, विषयगत शाखा/महाशाखा, वडा कार्यालय, विकास साझेदार र सामुदायिक संघ-संस्थाहरुलाई संस्थागत एवम् कार्यक्रमगत रुपमा लैंङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा अझ | • सहभागितात्मक अनुगमन र मुल्याङ्कनको व्यवस्था गरिनेछ ।<br>• पलिकाको अनुगमनतथामूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरणका सुचकहरुलाई समावेश गर्ने ।<br>• लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, गलत चलन तथा मान्यता र यसले समग्र विकास प्रक्रियामा पारेको प्रभाव सम्बन्धमा अभिमुखीकरण गरिनेछ<br>• हभागितात्मक अनुगमन र मुल्याङ्कनको मापदण्ड तयार गरि कार्यान्वयन गरिनेछ । | आ.व ०७८/०७९ भित्र | महिला,बालबालिका,जेष्ठ नागरिक,दलित,जनजाति,अपाङ्ग,सिमान्तकृत वर्ग/समुदाय | महिला,वालवालिकातथा सामाजिकविकास शाखा, लैससास सम्पर्क व्यक्ति<br><br>लैससास सम्पर्क व्यक्ति<br><br>सामाजिकविकास समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | बढि संवेदनशील हुन अभिप्रेरित गर्ने । | | | | |
| ४ | **रणनीतिक उद्देश्य ४**<br><br>नेपाल सरकारले लैससास क्षेत्रमा राष्ट्रियतथा अन्तर्राष्ट्रिय स्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धता कार्यान्वयनमा सघाउन तथा दिगो विकासको लक्ष प्राप्त गर्न मद्धत गर्ने | • लैससासकाविषयमा सबै सरोकारवालाविच साझाधारणा वनाई कार्यान्वयनगर्ने ।<br>• लैससासको विषयलाई अगुवाई गर्ने र सम्पर्क ब्यक्तिको रुपमाकामगर्न लैससासको श्रोत व्यक्तिहरु विकास गर्दै जाने ।<br>• पलिकातथा वडामा लेससास समिति र लैससास सम्बन्धीकार्ययोजनाको निर्माण गर्ने<br>• लैससास समन्वय समिति गठन गरि कार्यान्वयनगर्ने ।<br>• लैससास क्षेत्रमाउल्लेखनियकामगर्ने वडा तहलाई पुरस्कृत गरी प्रोत्साहनगर्ने परिपाटीको विकास गर्ने ।<br>• प्रत्येक २/२ बर्षमा लैससास रणनीति पुनरावलोकनगर्ने र समसामयीक रुपमा परिमार्जन तथा संसोधनगर्ने ।<br>• राष्ट्रिय अन्तर्राष्ट्रिय सम्झौताहरु समिक्षा गरि पालिकको लक्ष अनुसार शुन्य सहनशीलताको लागि कानुन, कार्यविधि, कार्ययोजना र बजेट छुट्याइनेछ ।<br>• पालिकावाट सन्चालन हुने सवै तालिम, अन्तरकिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससासको विषयलाई प्राथमिकता दिनइनेछ । | आ.व २०७८/०७९ भित्र | महिला,बालबालिका,जेष्ठ नागरिक,दलित,जनजाति,अपाङ्ग,सिमान्तकृत वर्ग/समुदाय | महिला,वालवालिकातथा सामाजिकविकास शाखा,<br><br>लैससास सम्पर्क व्यक्ति<br><br>सामाजिकविकास समिति<br><br>पालिका |
| ५ | **रणनीतिक उद्देश्य ५**<br><br>स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवालासंस्थाहरु सहित महिला र सीमान्तकृतसमुहहरुलाई समावेश गरि उनीहरुकोयोजनाबद्ध रुपमाव्यक्तिगत र सामूहिकक्षमताअभिबृद्धि गरी स्थानीयतहको विकास प्रक्रियामा | • पालिकाका सेवा प्रदायकहरु, सरोकारवाला,अधिकारवादी संघ-संसंस्थाहरुको लैससास सम्बन्धि क्षमताकोपहिचान गरी आवश्यकता अनुसार क्षमता अभिवृद्धि कार्ययोजना साथै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।<br>• लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, गलत चलन तथा मान्यता र यसले समग्र विकास प्रक्रियामा पारेको प्रभाव | नीति स्वीकृत भएको १ महिनाभित्र, त्यसपछी निरन्तर रुपमाबर्षभरी | महिला,बालबालिका,जेष्ठ नागरिक,दलित,जनजाति,अपाङ्ग,सिमान्तकृत वर्ग/समुदाय | महिला,वालवालिकातथा सामाजिकविकास शाखा,<br><br>लैससास सम्पर्क व्यक्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| | निर्णायकतथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने । | सम्बन्धमा अभिमुखीकरण गरिनेछ ।<br>● हिंसा पिडित/प्रभावित व्यक्तिहरुका लागि पुनर्स्थापना,संरक्षण र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।<br>● समानुपातिक सहभागिताका लागि तयार भएका कार्यविधि तथा मापदण्डका वारेमा सूचना सम्प्रेशण स्थानीय भाषामा स्थानीय रेडियो, एफएम, पत्र-पत्रिका र नागरिक वडापत्र मार्फत गरिनेछ ।<br>● लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिबृद्धि गरी जीवनस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ । विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता आर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमह संचालन गरिनेछ । | | | सामाजिकविकास समिति<br><br>पालिका |

## ३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनका लागि आवश्यक संस्थागत व्यवस्था

लैससास रणनीतिमा उल्लेख भएका प्रावधानलाई राप्ती गाउँपालिकामा कार्यान्वयन तथा अनुगमन गर्ने, संघ तथा प्रदेश सरकारले दिसा-निर्देश गरेका नीति तथा निर्देशनलाई कार्यान्वयन गर्ने र लैससासका सवालहरुलाई पालिकामा प्रभावकारी कार्यान्वयन गर्न देहाय वमोजिमका समितिहरुको व्यवस्था गरेको छ ।

### लैससास समन्वय समिति (पालिका तहमा)

| | |
|---|---|
| क) गाउँपालिका प्रमुख | संयोजक |
| ख) गाउँपालिका उप-प्रमुख | सदस्य |
| ग)प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) संयोजक, सामाजिक विकास समिति | सदस्य |
| ङ) कार्यपालिका सदस्यहरुवाट संयोजकले तोकेका (महिला, दलित, जनजाती मध्येवाट) | दुइ जना सदस्य |
| च) सामुदायिक संघ सस्था मध्येवाट संयोजकले तोकेका (दलित, जनजाती, अल्पसंख्यक र कम्तीमा दुई महिला सहित) | पाँच जना सदस्य |

छ) प्रमुख, सामाजिक विकास शाखा — सदस्य सचिव

**समितिमा** ७ देखि १३ जना सम्म राख्न सकिनेछ ।

**लैससास समन्वय उप-समिति (वडा तहमा)**

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा सदस्यहरु (महिला र दलित महिला सहित) | ३ जना सदस्य |
| ग) वडा सचिब | सदस्य सचिव |
| घ) अतिथिः संघ सस्थाबाट आवश्यकता अनुसार | २ जना |
| ङ) महिला, बालबालिक तथा जेष्ठ नागरिक विषय हेर्ने अधिकृत/कर्मचारी | १ जना |

**लैससास समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।**

क) लैससास नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने ।

ख) गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, निर्देशिका, आवधिक योजना, रणनीतिक योजना, पार्श्वचित्र लगायत प्रकाशित हुने अन्य सबै लिखित दस्तावेजहरुमा लैससासको विषयवस्तु समावेश गरी मूलप्रवाहीकरण गर्न आवश्यक प्राविधिक सहयोग गर्ने ।

ग) लैङ्गिक तथा सामाजिक समोशीकरण नीति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने ।

घ) योजना तर्जुमा गर्दा लैससास उत्तरदायी बनाउन आावश्यक प्राविधिक सहयोग गर्ने ।

ङ) लैससास नीतिको प्रभावकारी कार्यान्वयन भए/नभएको अनुगमन गर्ने ।

च) सार्वजनिक सुनवाइ, सामाजिक लेखाजोखा र लैससास लेखाजोखा गर्न नेतृत्वदायी भूमिका निभाउने ।

छ) वन्चितीकरणमा परेका वर्ग/समुदायको आधारभूत र खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्न प्राविधिक सहयोग गर्ने ।

ज) लैससास सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने/ गराउने ।

झ) योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा महिला र विपन्न वर्गका समुदायको अर्थपूर्ण सहभागिता गराउन र कार्यक्रमलाई समावेशी र लैससासमैत्री वनाउन नेतृत्वदायी भूमिका निभाउने ।

ञ) सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

ट) यी माथि उल्लेखित कार्यहरु गर्न कार्ययोजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने/गराउने ।

**लैससास समन्वय उप-समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।**

क) यस राप्ती गाउँपालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु जस्तैः ऐन, कानून, नीति, आवाधिक योजना, विषयगत योजना, पाश्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजहरु समुदाय तथा नागरिक समाजसंग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ख) गाउँपालिकाको योजना तथा वजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसंग समन्वय र सहकार्य गर्ने ।

ग) वडातहको खण्डिकृत तथ्यांकको व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने ।

घ) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतृत्वदायी भूमिका निभाउने ।

ङ) गाउँपालिकाका नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य वडास्तरका निकाय तथा कार्यालय, सरोकारवाला र अधिकारमुखी संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने ।

च) गाउँपालिकाका वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मुल्यांकन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनुवाइ गराउने र लैससास लेखाजोखा गर्ने, आदि ।

छ) गाउँपालिकाका वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत पनि गर्ने ।

ज) गाउँपालिकाका वडास्तरमा लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने ।

झ) नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

ञ) माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

*पालिकास्तरिय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिक रुपमा बस्ने छ । वडास्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ ।*

## शाखा,महाशाखा तथा लैससास सम्पर्क व्यक्ति

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न पालिका तथा वडा तहमा एक-एक जना व्यक्तिलाई लैससास सम्पर्क व्यक्तिको रुपमा तोकिनेछ र निजले लैससास क्षेत्रमा समन्वय तथा सहकार्य गर्ने,तथ्यांकहरुलाई एकतृत गर्ने, प्रतिवेदनहरु सार्वजनिक गर्ने, आवश्यक तथ्यांकहरु उपलब्ध गराउने तथा हरेक तीन वर्षमा लैससास रणनीति अद्यावधिक गर्ने सन्दर्भमा सहयोग गर्ने लगायतका मुख्य भूमिका रहनेछ भने शाखाले लैंगिक समानता तथा सामाजिक सुरक्षा, वालवालिका किशोर किशोरी तथा युवा, अपाङता तथा जेष्ठ नागरिक, गैसस परिचालन, समन्वय तथा निगमन र सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता संम्बन्धित काम हरू गर्नेछन । साथै यस महाशाखा वा शाखाले निम्न थप कार्यहरु गर्न सक्नेछनः

क) स्थानीय तहका महिला, वालवालिका तथा वञ्चितिमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।

ख) महिला र अन्य सीमान्तकृत समुहको हक सम्वन्धि नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गर्ने

ग) लैससासको प्रवर्धन र विकासका लागी योजना तथा कार्यक्रम बनाई लागु गर्ने ।

घ) सहभागितात्मक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समुहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामुखी योजना तर्जुमा गर्ने ।

ङ) महिला र अन्य सीमान्तकृत समुहको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्ने ।

च) लैगिक हिंसा नियन्त्रणका लागी निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनस्थापना गर्ने ।

छ) लैंगिकपक्ष सम्वन्धि व्यक्तिगत जिम्मेवारीमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

ज) लैंगिकपक्ष सम्वन्धि गुनासो व्यबस्थापन संयन्त्र निर्माण गरि कार्यान्वयन गर्ने ।

झ) कार्यक्रमको अनुगमन र मूल्यांकन स्थानीय तहको कार्यक्रम एवं संस्थागत रुपमा लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी बजेट परीक्षण नियमित रुपमा गर्ने ।

ञ) सञ्चार माध्यमबाट लैससास सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण गर्ने ।

ट) महिला एवं वञ्चितिमा परेको वर्गहरुको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि गर्ने ।

ठ) कार्यस्थलको संस्कारमा सुधारको पहल गर्ने ।

ड) लैससास सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने गराउने ।

ढ) सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराउने

## ३.५.लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन

लैससास रणनीति कार्यान्वयनका लागि संघ, प्रदेश, प्रतिष्ठानहरु, तथा पालिका स्थित विभिन्न संघ-संस्थाहरुसँग आर्थिक ,प्राविधिक तथा मानवीय क्षेत्रमा समन्वय तथा सहकार्य गरिनेछ भने पालिकाको वार्षिक नीति तथा कार्यक्रममा लैससासलाई उच्च प्राथमिकता राखि बजेट विनियोजन तथा कार्यान्वयन गरिनेछ ।

## ३.६.लैससास रणनीति कार्यान्वयनको लागि अनुगमन तथा मुल्यांकन

लैससास रणनीति कार्यान्वयनका लागि पालिका तथा वडा स्तरमा समन्वय उप-समिति गठन गरि लैससास क्षेत्रको समग्र कामको अनुगमन तथा मुल्यांकन गरिनेछ । अनुगमन समिति मार्फत लैससास क्षेत्रको अगुवाइ गर्ने, रणनीतिलाई अद्यावधिक गर्ने लगायतका कामहरु गरिनेछ ।

## ३.७.नीतिको कार्यान्वयनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनीकरणका उपायहरु ।

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छ ।

| क.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १ | नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन | नीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि गाउँपालिकाले विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ । |
| २ | भेदभावजन्य प्रचलन तथा व्यवहारहरु | विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, ब्यवहार र कुरितिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भइरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ । चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरुमा गाउँपालिकाले सून्य सहनशिलताको नीति लिनेछ । |
| ३ | लैससासको बुझाईमा एकरुपता नहुनु । | लैससासको वुझाइमा एकरुपता ल्याउन सहभागितात्मक छलफल गरिनेछ र सवालको प्राथमिकताका लागि आवश्यक नीतिगत व्यवस्था पनि गरिनेछ । |
| ४ | स्थानीय योजना तर्जुमा प्रक्रियामा लैससासको विषय कम प्राथमिकतामा रहनु | योजना तर्जुमा प्रक्रियामा लैससासको विषयलाई बजेटको सिलिङ तोक्दा देखि नै उच्च प्राथमिकतामा राखिनेछ। लैससासका लाभ र अवसरहरुमा लक्षित वर्गको पहुँच स्थापित गरिनेछ । लक्षित सहूहको सशक्तिकरण गरिनेछ । |
| ५ | लैससासको सवाललाई एकिकृत तवरमा सञ्चालन गर्न नसक्नु | लैससासको सवाललाई पालिकामा मुख्य कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ । सबै विषयगत क्षेत्रमा यसलाई अन्तर-सम्बन्धित सवालको रुपमा अगाडी बढाइनेछ। लैससास क्षेत्रमा काम गर्ने संघ-संस्थाहरुसँग समन्वय गरी काम गरिनेछ । |
| ६ | खण्डिकृत तथ्याङ्क तथा सूचकांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | लक्षित समुदायको पहिचान गर्ने, सूचक निर्धारण गर्ने, र लैससासको खण्डिकृत तथ्याङ्कका आधारमा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । |

## ३.८ रणनीतिको पुनरावलोकन तथा सुधार

यस रणनीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्यांकन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिने छ ।

## ३.९ बाधा अडचन फुकाउने

यस रणनीतिको कार्यान्वयनमा कुनै वाधा अडचन आएमा यस रणनीतिका प्रावधानहरुलाई प्रतिकुल असर नपर्नेगरि पालिकाले बाधा अडचन फुकाउन सक्न

## अनुसुचीहरु

- लैससास रणनीति निर्माण कार्यशाला तथा छलफलको उपस्थिति ( इभेन्ट रिपोर्टमा संलग्न )
- लैससास रणनीति निर्माण कार्यदल ( इभेन्ट रिपोर्टमा संलग्न )
- लैससास सम्बन्धी विभिन्न सेवा प्रदायकहरुको विवरण
- सन्दर्भ सामग्री-स्थानीय सरकार संचालन ऐन २०७४,लैससास नीती, गा.पा.को वार्षिक प्रतिवेदन,कार्य सम्पादन प्रतिवेदन,वार्षिक कार्ययोजना,गा.पा.को नीती कार्यक्रम तथा वजेट अभिलेख विभिन्न दस्तावेजहरु ।

**लैससास सम्बन्धी विभिन्न सेवा प्रदायकहरुको विवरण**

१. लैससास कार्यान्वयन समीती
२. न्यायीक समीति
३. मेलमिलाप समीती
४. प्रहरी कार्यालय
५. सुआहारा
६. सिड संस्था
७. हेफर
८. समृद्ध समाज
९. ओरेक नेपाल
१०. निगरानी समुह, आदि